संयुक्त राज्य न्याय विभाग
नागरिक अधिकार शाखा
आप्रवासी तथा कर्मचारी अधिकारखण्ड

# Form I-9**का बारेमा शरणार्थीहरू तथा आश्रयापेक्षीहरूकालागि जानकारी**

अमेरिकामा कर्मचारीका रूपमा कुनै रोजगार सुरु गर्ने हरेकले Form I-9 भर्छन्, जुन एउटा सरकारी फाराम हो जसलाई रोजगारदाताले तपाईँको पहिचान तथा काम गर्ने अनुमति प्रमाणीकरण गर्नका लागि प्रयोग गर्दछन्।

यस प्रलेखको उद्देश्य तपाईँ, आश्रयापेक्षी तथा शरणार्थीहरूलाई मद्दत गर्नु हो, यस प्रक्रियामा आफ्ना अधिकारहरू जान्नका लागि Form I-9 फाराम पूरा गर्नुहोस्। Form I-9 प्रक्रियाका बेला तपाईँको नागरिकता आप्रवासन स्थिति, वा उत्पत्ति राष्ट्रका आधारमा तपाईँलाई विभेद गर्ने रोजगारदाताहरूले आप्रवासन तथा राष्ट्रियता अधिनियम (Immigration and Nationality Act, INA)को अंश उल्लङ्घन गर्न सक्नेछन्। योगैर-विभेद कानुन 8 U.S.C § 1324b मा प्राप्त गर्न सकिनेछ।

**Form I-9 को खण्ड १ का लागि, आफूबारेको जानकारी प्रदान गर्नुहोस्।**
Form I-9 को Section 1 मा आफ्नो नाम र आफू बारेको जानकारी राख्नुहोस्। योखण्ड भर्नका लागि तपाईँले कसैको मद्दत लिन सक्नुहुनेछ। तपाईँले आफूलाई काम गर्ने अनुमति दिने दर्जा देखाउने बाकसमा चिनो लगाउनु पर्नेछ। शरणार्थीहरू र आश्रयापेक्षीहरूलाई "aliens authorized to work" (काम गर्न अनुमति प्राप्त विदेशी) मानिन्छ, त्यसैले यो बाकसमा चिनो लगाउनुहोस्। यस बाकसको छेउमा अन्तिम मिति जनाउनका लागि ठाउँ छोडिएको छ। तपाईँको काम गर्ने अधिकारको मिति नसकिने हुनाले, अन्तिम मिति जनाउने ठाउँमा "N/A” लागू हुँदैन (जसको अर्थ "लागू हुँदैन" हुन्छ) लेख्नुहोस्।

**Form I-9 को Section 2 मा, आफ्नो रोजगारदातालाई त्यस्तो प्रलेख देखाउनुहोस् जसले तपाईँको पहिचान र काम गर्ने अनुमति प्रदर्शित गर्दछ।**
Form I-9 मा तपाईँले उक्त फारामको Section 2 मा देखाउन सक्ने प्रलेखहरूका तीनवटा सूचीहरू रहेका छन्: List A (तपाईँको पहिचान र काम गर्ने अनुमति देखाउने प्रलेखहरू), List B (तपाईँको पहिचान देखाउने प्रलेखहरू) र List C (तपाईँको काम गर्ने अनुमति देखाउने प्रलेखहरू)। तपाईँले आफ्नो रोजगारदातालाई List A प्रलेखको एक वा List B प्रलेखको एक र List C प्रलेखको एक को संयुक्त रूप मध्येको आफ्नो छनोट देखाउनु पर्नेछ। Form I-9 instructions (आइ-९ निर्देशनहरू) अन्तर्गत, receipts (रसिदहरू) भनिने केही प्रलेखहरू पनि समयको विभिन्न अवधिका लागि Form I-9 का लागि स्वीकारयोग्य हुन्छन्।

तपाईँलाई स्वीकार्य प्रलेखहरूको Form I-9 Lists of Acceptable Documents (फाराम आइ-९ सूचीबाट आफूले देखाउन चाहेको स्वीकार्य प्रलेखहरू) छनोट गर्ने अधिकार रहेको छ। तपाईँको रोजगारदातालाई तपाईँको आश्रयापेक्षी वा शरणार्थीको दर्जामा आधारित रहेर वा तपाईँको उत्पत्ति राष्ट्रका आधारमा कुनै निर्दिष्ट प्रलेखहरू आवश्यक गर्ने अधिकार रहेको छैन। निर्दिष्ट प्रलेखहरू आवश्यक गर्ने कुनै पनि रोजगारदाताले कानुन उल्लङ्घनमा विभेद गरिरहेको हुन सक्छ। उदाहरणका लागि, तपाईँसँग रोजगार अनुमोदन प्रलेख (Employment Authorization Document, EAD) भएता पनि तपाईँले अरू प्रलेख देखाउने नदेखाउने निर्णय गर्न सक्नुहुन्छ, जस्तै राज्यको पहिचानपत्र (एक List B प्रलेख) र अप्रतिबन्धित सामाजिक सुरक्षण कार्ड (एक List C प्रलेख)।

**तपाईँका लागि Form I-9 प्रलेखका अनेकौँ किसिमहरू हुन सक्छन्।**
तपाईँले Form I-9 का लागि कुनै I-94 देखाउन सक्नुहुन्छ। तपाईँले आफ्नो I-94 कार्ड प्राप्त गर्नु हुनेछ वा तपाईँले आफ्नो I-94 Customs and Border Protection (भन्सार तथा सीमा सुरक्षा) वेबसाइटबाट प्रिन्ट गर्न सक्नुहुनेछ।

यदि तपाईं कुनै शरणार्थी, हुनुहुन्छ भने, एक List A प्रलेखका लागि your I-94 is a receipt (तपाईँको आइ-९४ एउटा रसिद) हुनेछ जुन तपाईँले काम आरम्भ गरे पछिको ९० दिन सम्मका लागि वैध रहनेछ। 90 दिन पछि, तपाईँले आफ्नो रोजगारदातालाई EAD वा एक List B प्रलेख र unrestricted Social Security card (अप्रतिबन्धित सामाजिक सुरक्षण कार्ड) संयुक्त रूपमा देखाउनु पर्नेछ।

यदि तपाईँ कुनै आश्रयापेक्षी हुनुहुन्छ भने, तपाईँले अन्तिम मिति नहुने permanent List C document (स्थायी सूची ग प्रलेख) का रूपमा आइ-९४ प्रयोग गर्न सक्नुहुनेछ।

आश्रयापेक्षीहरू र शरणार्थीहरू इएडिहरूका लागि योग्य हुनेछन्। यदितपाईँको EAD को मिति सकिएको छ भने तर तपाईँले EAD नवीकरणका लागि आवेदन गर्नुभएको छ भने, तपाईँले आफ्नो विद्यमान EAD बाट आफ्नो कामलाई निरन्तरता दिन सक्नुहुनेछ। तपाईँको EAD को म्याद सकिएको 540 दिन पछिसम्मका लागि, तपाईँले आफ्नो रोजगारदातालाई I-797C रसिदसूचना सहितको EAD देखाएर कामलाई निरन्तरता दिन सक्नुहुनेछ (जसले सरकारले तपाईँको EAD नवीकरण आवेदन प्राप्त गरेको देखाउँछ)। इएडिस्वतः विस्तारहरूमाथिको जानकारीका लागि IERलाई फोन गर्नुहोस्।

तपाईँले lost, damaged, or stolen (हराएका, क्षति भएका, वा चोरी भएका) प्रलेखहरूका लागि रसिदहरू पनि देखाउन सक्नुहुनेछ।

तपाईँले Form I-9 पूरा गर्नका लागि आफ्ना प्रलेखीकरणहरू देखाइसकेपछि, तपाईँको रोजगारदाताले सीमित परिस्थितिहरूमा मात्र पुनः अतिरिक्त प्रलेखहरू माग्न सक्छन्। रोजगारदाताले कहिले अतिरिक्त प्रलेखहरू माग्न सक्छन् भन्ने नियमहरूलाई रो Handbook for Employers M-274 (जगारदाताहरूका लागि निर्देशिका एम-२७४) मा छलफल गरिएका छन्।

यदि तपाईँले Section 2 का लागि आफ्नो EAD देखाउनु भएको छ भने, तपाईँको रोजगारदाताले तपाईँको इएडिको मिति सकिउन्जेलसम्म Form I-9 को Section 3 पूरा गर्नका लागि अर्को प्रलेख माग्नेछन्। यस चरणमा तपाईँले कि एक List A प्रलेख देखाउने वा अप्रतिबन्धित सामाजिक सुरक्षण कार्ड जस्तो एक List C प्रलेख देखाउने छनोट गर्न सक्नुहुनेछ। तपाईँले नयाँ EAD देखाउने छनोट पनि गर्न सक्नुहुनेछ, तर तपाईँले त्यसो गरिरहनु पर्दैन।

यदि तपाईँले आफ्नो काम गर्ने अनुमतिको प्रमाण स्वरूप Section 2 का लागि अप्रतिबन्धित सामाजिक सुरक्षण कार्ड देखाउनुभयो भने र Section 1 मा "alien authorized to work (काम गर्ने अनुमति प्राप्त विदेशीहरू)" छेउमा रहेको अन्तिम मितिको ठाउँमा "N/A" प्रविष्ट गराउनुभएको छ भने, तपाईँको रोजगारदाताले अन्य प्रलेखहरू माग गर्न सक्दैनन्। आवश्यक नभएको स्थितिमा तपाईँको आश्रयापेक्षी वा शरणार्थी दर्जा वा तपाईँको उत्पत्ति राष्ट्रको आधारमा प्रलेखहरू माग गर्ने रोजगारदाताहरूले कानुन उल्लङ्घन गरिरहेका हुन सक्छन्। तपाईँको रोजगारदाताले कहिले कहिले अन्य प्रलेखहरू माग गर्न सक्छन् भन्ने विषयमा बढी जानकारीका लागि आइइआरलाई फोन गर्नुहोस्।

**तपाईँले आफ्नो सामाजिक सुरक्षण नम्बरका लागि प्रतिक्षा गरिरहँदा काम गर्न सक्नुहुनेछ।**
यदि तपाईँले रोजगार प्राप्त गर्नुभएको छ र अझै पनि सामाजिक सुरक्षण नम्बर (Social Security number, SSN) प्राप्त गर्नुभएको छैन भने, Social Security Administration (सामाजिक सुरक्षण प्रशासन) ले एसएसएनका लागि प्रतिक्षारत कामदारहरूलाई काम गर्न दिन रोजगारदाताहरूलाई निर्देशन गर्दछ।

यदि तपाईँ अझसम्म पनि एसएसएनका लागि प्रतिक्षारत हुनुहुन्छ भने, तपाईँले पूरा गरेका कुनै पनि कामका लागि तपाईँको रोजगारदाताले तपाईँलाई सधैँ तलब दिनु पर्नेछ।

यदि तपाईँले रोजगार सुरु गर्ने समयसम्म पनि आफ्नो SSN प्राप्त गर्नुभएको छैन भने, Form I-9 को Section 1 स्थित SSN बाकस खाली राख्नुहोस्।

यदि तपाईँको रोजगारदाताले E-Verify प्रयोग गर्छन् भने, तपाईँले आफ्नो SSN प्राप्त नगरुन्जेल E-Verify ले रोजगारदाताहरूलाई इ-delay creating the E-Verify case (प्रमाणीकरण केस निर्माणमा ढिलाई) गर्न निर्देशन दिन्छ। यदि तपाईँले Form I-9 पूरा गर्नुभएको छ भने यस अवधिमा काम गर्न सक्नुहुन्छ। E-Verify rules ले विशेष रूपमा यस अपवादको अवसर प्रदान गर्दछन् र केस निर्माणका लागि रोजगारदाताहरूलाई निर्देशनहरू प्रदान गर्दछन्। बढीजानकारी www.e-verify.gov मा उपलब्ध छ।

**आप्रवासन तथा कर्मचारी अधिकार खण्ड**
(Immigrant and Employee Rights Section, IER)
कामदार हटलाइन **१-८००-२५५-७६८८**
फोन कलहरू अज्ञात हुन सक्नेछन् र भाषा सेवाहरू उपलब्ध छन्।
www.justice.gov/ier | www.justice.gov/crt-espanol/ier
टिटिवाइ १-८००-२३७-२५१५